# पाप गर्नु हुन्छ ?

## ब्रदर लाइट र ब्रदर फगी बीचको संवाद

डि एस वार्नर

**Contact:**
Church of God
P.O. Box 19087
Phone No.(977) 975-100-9013
Maijubahal, Chabahil, KTM, Nepal
E-mail : churchofgodnepal@gmail.com
*www.churchofgod.net*

# पहिलो वार्तालाप

***ब्रदर लाइट:*** शुभप्रभात, ब्रदर फगी । खुसी लाग्यो, तपाई आउनुभयो । भित्रै आउँनोस् । मैले येशु खिष्टमा पाएको मुक्तिको बाटोको बारेमा तपाईसँग कुराकानी गर्न चाहेको थिएँ

***ब्रदर फगी:*** मलाई अलि हतार छ, ब्रदर लाईट ।  अनि, तपाईसंग यस बिषयमा कुराकानी गर्न ठिक होला कि नहोला भन्ने कुरा मलाई थाहाँ छैन किनकी तपाईहरु आफुलाई धेरै राम्रो ठान्नुहुन्छ ।

***ब्रदर एल:*** किन, ब्रदर फगी ? तपाई हामीसँग डराउनु पर्ने म कुनै कारण देख्दिन । मलाई विश्वास छ प्रभुले हामीलाई ढुकुरहरु जस्तै दयालु वनाउनु भएको छ । आउनुस् बस्नुस् ।

***ब्रदर एफ:*** ठिकै छ, साँच्चै भन्नुपर्दा, मैले पनि तपाईसँग कुराकानी गर्नुछ । तिनीहरु भन्छन् तपाईले ती मानिसहरुलाई पापमुक्त गरानुभयो । म यो विश्वास गर्न सक्दिन किनकी संत पावलले पनि आफुमा पाप रहेको कुरा स्वीकार गर्नुभएको थियो । हामीले उहाँ भन्दा राम्रो उदाहरण सायद पाउदैनौं होला ।

***ब्रदर एल:*** ठिकै छ, ब्रदर फगी, म स्वीकार्छु कि रोमीको सत्रौ अध्यायमा संत पावलले आफु भित्र पाप रहेको कुरा लेख्नु भएको छ । तर किताब ल्याएर फेरी ध्यान दिएर पढौं न । यसले हामीलाई गहिरिएर बुझ्न अझ बढी मद्धत गर्छ । आउनुहोस्, छैठौ अध्यायबाट थालौं । 'अब हामी के भनौ ? के हामी पापमा लागिरहौं त ? त्यसो नहोस् ।' यहाँ हेर्नुस् उहाँको प्रश्न र त्यसको उत्तर पनि । 'प्रभुले हामीलाई पापको दिशामा अघि बढ्नबाट रोक्नु हुन्छ।' यसबाट हामीले आफुलाई पापको दिशाबाट रोक्न सक्छौ भन्ने बुझिन्छ । यसलाई अझ स्पष्ट पार्न, सन्त पावल अर्को प्रश्न गर्नुहुन्छ । 'हामी जो पापको लागी मर्‍यौं त कसरी हामी आफै त्यसैमा जिउनु?'हामी आफै पाप गरि यस धर्तीमा बाँचिरहन सक्दैनौ किनकी उहाँ पापको जीवन त्यग गरी चिहानमा हुनुहुन्छ । हामी श्लोक ६, ७, र ८ पढौ न ? 'हामी जान्दछौ कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रुसमा टाँगियो ताकि हाम्रो पापमय शरीर नाश होस् र अब हामी पापका कमारा नहोऔं । किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ । तर यदि हामी खिष्टसँग मरेका छौं भने त उहाँसँग जिउने पनि छौ भन्ने विश्वास गर्दछौ ।'

यहाँ उहाँ भन्नुहुन्छ त्यो हाम्रो 'पुरानो मनुष्यत्व' जो 'पापमय शरीर' थियो त्यो क्रुसमा टाँगिसकिएको छ, त्यसको नाश भै सकेको छ र त्यो जो पापको कमारा नहोस् भनि मरेको छ त्यो पापबाट मुक्त भएको छ र उहाँ भन्नुहुन्छ, 'यदि हामी खिष्टसँग मरेका छौ भने' इत्यादि । त्यसैले हामी जीवित मानिसहरु पापको कमारा नहोऔं भन्नको लागि मरिसकेका छौ र पापबाट मुक्त भै सकेका छौं । श्लोक १० र ११ मा रोमीहरुलाई चेतावनी दिंदै भन्नु हुन्छ, र हामीलाई पनि, पापको कमारा नहुनको लागि मरौं र प्रभुका लागि बाचौं, यशूखिष्ट जस्तै

श्लोक १५ र १८ लाई ख्याल गर्नुस् 'अब के त ? के हामी व्यवस्थाको अधिनमा छैनौ, तर अनुग्रहको अधिनमा छौं भनेर पाप गर्ने त ? कदापी होइन ।' 'तिमीहरु पापबाट मुक्त गर इइएर धार्मिकतामा कमारा बनेका छौ । अनि श्लोक २२ मा पनि 'तर अब तिमीहरु पापबाट मुक्त भइ परमेश्वरका कमारा भएका छौ ।, अनि तिमीहरुले पाउने प्रतिफल चाहिँ पवित्र कारण हो र त्यसको अन्त्य चाहिँ अनन्त जीवन ।'

# पाप गर्नु हुन्छ ?

यी धार्मिक ग्रन्थहरुले हामीलाई पापबाट मुक्त गरेका छन् । र यो अध्यायको अरु श्लोकहरुमा संत पावलले भन्नु हुन्छ 'त हामी कसरी अझै त्यसैमा जीउनु' र 'अबदेखि हामी पापको कमारा बन्नुहुदैन' "यसकारण शरीरका अभिलाषा अनुसार चल्नु नपरोस् भनि तिमीहरुका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ "। र श्लोक १४ मा भन्नु हुन्छ, 'किनकी पापले तिमीहरु माथि राज्य गर्ने छैन, किनकी तिमीहरु व्यवस्थाको अधिनमा छैनौ, तर अनुग्रहको अधिनमा छौ ।' यी माथि उल्लेखित श्लोकहरु हामी जीवनभर पापको कमारा हुन्छौ भन्ने बिचार को बिपरित छ ।

***ब्रदर एफ:*** तपाईलाई यस्तो आभास भए पनि, हामीले आफै अध्याय ७ को, श्लोक १४ देखि २५ सम्म पढ्न बाँकि नै छ । ती श्लोकहरु पढ्नुस् । साँच्चै, उहाँले पापको कमारा हुनबाट आफुलाई रोक्न सकिन्छ भनेर कहि भन्नु भएको छैन, भन्नु भएको छ र ?

***ब्रदर एल:*** यदि हामीले ती श्लोकहरुलाई सन्त पावलका अरु अध्यायबाट छुट्याएर हेर्‍यौ भने त्यस्तो लाग्न सक्छ, तर हामीले उहाँको पुरै अध्ययाय पढ्नु पर्छ ।
सन्त पल आफु क्रिश्चियन भएको अनुभव नभइ, व्यवस्थाको अधिनमा रहँदाको अनुभव सुनाइ रहनु भएको छ । उहाँले व्यवस्थाको अधिनमा रहँदाको अवस्थालाई प्रष्ट्याउदै हुनुहुन्छ ।

उहाँ आफ्नो अध्यायको प्रारम्भ यसरी गर्नुहुन्छ, 'भाइ हो, के तिमीहरु जान्दैनौ - म व्यवस्था जान्नेहरुसँग बोलिरहेछु).......? श्लोक १-१२ सम्म उहाँ व्यवस्थाको कुरा गर्नु हुन्छ त्यसको प्रकार, त्यसको लक्ष्य र त्यसको प्रभाव र उहाँ त्यस व्यवस्थाको अधिनमा हुनुहुन्थ्यो । येशुख्रिष्ट आउनुभयो र उहाँ व्यवस्थाको अधिनबाट मुक्त भइ खिंष्टको अधिनमा जानुभयो र उहाँ गलाती ३:२४ मा भन्नु हुन्छ कि व्यवस्था नै उहाँको लागि शिक्षक थियो जसले उहाँलाई ख्रिष्टको शरणमा ल्याइपुर्‍यो । श्लोक १४-२३ सम्म आफु व्यवस्थाको अधिनमा रहँदाको अनुभवको कुरा गर्नुहुन्छ ।

हामीलाई थाहा छ कि सन्त पावलले आफु व्यवस्थाको अधिनमा रहँदाको अनुभव सोझै ब्यक्त गर्न सक्नु भएन किनकी त्यो जीवनको सत्यको विपरित थियो । यो सत्य होइन कि उहाँले जे गर्न चाहनु भएको थियो त्यो गर्नु भयो । के उहाँले सधैं धर्म आत्मसात गर्नु भएन र ? के उहाँको जीवन पवित्र, शुद्ध र पापबाट मुक्त थिएन र ? थिएन, उहाँ प्रभुको शुसमाचार प्रचार गर्नको सट्टा आफ्नो पेशा र परमेश्वरको नाम बदनाम गर्दै हिड्नुभयो । तर यदि यो सत्य भए उहाँले यसो भन्नुहुन्न थियो, 'मेरो अनुकरण गर्ने होऔ जसरी म ख्रिष्टको अनुकरण गर्दछु ।'( १ कोर ११:१) न त उहाँ यसो नै भन्नुहुन्थ्यो, 'भाइ हो तिमीहरु मेरो अनुकरण गर्नेहरु होऔ, हामीमा तिमीहरुले देखेको नमुना अनुसार जिउँनेहरुलाई हेर ।'( फिलिपी ३:१७) उहाँ आफैले भन्ने भएको छ, 'किनकी मेरो निम्ति जिउनु ख्रिष्ट हो र मर्नु लाभ हो । (फिलिपी १:२१) उहाँको शरीरलाई शरिरको अभिलाषामा हेरिने नभइ परमेश्वरको नैतिक सिद्धान्त उहाँमा भएको आधारमा हेरिन्थ्यो ।

श्लोक २० ध्यान दिएर पढ्नुहोस्, 'अब म जो इच्छा गर्दिन, त्यहि गर्छु भने त्यो गर्ने म होइन, तर म भित्र प्रसारण गर्ने पाप हो ।' त्यसैले सन्त पावलले आफ्नै इच्छाले त्यसो लेख्नु भएको होइन त्यो उहाँमा रहेको पापले गरेको हो । बास्तबमा कुनै पनि सन्त जो रहेको पापबाट मुक्तिको वकालत गर्नुहुन्छ र अरुलाई पापबाट मुक्त हुन आग्रह गर्नुहुन्छ भने आफैमा पाप छ भनेर त भन्नै सक्नुहुन्न नि ।

तर उहाँलाई सुन्नुहोस्, 'किनकी परमेश्वरको निम्ति म जिउन सकुँ भनेर व्यवस्था द्वारा व्यवस्थाको लागि म मरेको छु । म ख्रिष्टसँगै क्रुसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रिष्ट म मा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु,जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफुलाई अर्पण गर्नुभयो ।'(गलाती २:१९-२०) उहाँमा कुनै पुरानो मनुष्यत्व वा पापमय शरीर छैन, यी सबै क्रुसमा टाँगिइ सकर र यसको बिनास भै सक्यो, अब त केवल उहाँमा ख्रिष्ट बाँचनुहुन्छ ।

मानिसमा रहेको दुइ सिद्धान्तलाई बर्णन गरिएको देखिन्छ जुन दुइ नैतिक शक्ति आफैमा विरोधाभाष छन् । एउटा परमेश्वरले देखाएको सत्मार्ग र धर्मको सिद्धान्त भने अर्को 'पापको सिद्धान्त' यस्तै सैदान्तिक गलातीहरुमा पनि उल्लेख भएको पाइन्छ ।

'किनकी पाप स्वभावका लालसा पवित्र आत्माको बिरुद्ध हुन्छन् । अनि पवित्र आत्माको इच्छा पाप स्वाभावको बिरुद्ध ।' (गलाती ५:१७) यो 'शरीर' वा 'पापमय शरीर' सन्त भन्नुहुन्छ, 'तर तिनीहरु, जो येशूखिटका हुन्, "तिनीहरुले पाप स्वभावलाई" त्यसको बासना र लालसा सहित क्रुसमा टाँगिदिएका छन् ।' (गलाती ५:२४)

यो 'मरणशील शरीर' (२ श्लोक २४), जो सबै दुःखको कारण हो, 'पापमय शरीर' (रोमी ६:६) मा उल्लेख भएजस्तै हो जुन क्रुसमा टाँगी नष्ट गरिन्छ फलस्वरुप, ती रोमीहरु 'पापको निम्ती मृत' जसले चेतावनी दिनु हुन्छ, 'पापको निम्ती साँच्चै मृत होऊ' र पापलाई आफ्नो शरीरमा बास गर्न नदेऊ । यदि उहाँ आफै भित्र पापको बास भए उहाँले पक्का पनि तिनीहरुलाई पापको निम्ती मर र पापलाई आफुभित्र बास गर्न नदेऊ भन्नु हुन्न थियो होला । जब उहाँ भन्नुहुन्छ, 'मलाई मरणशील शरीरबाट कसले बाहिर लान्छ ?' अनि उहाँ फेरी भन्नु हुन्छ, 'धन्य छ प्रभु ! येश खिष्ट वा परमेश्वरले मलाई सहयोग गर्नुहुन्छ ।' त्यहाँ, त्यसो भए, पापमय शरीर हुने कुनै सम्भावना छैन किनकी त्यहाँ मुक्तिको बाटो छ । के तपाई अझै पनि सन्त पावलले पापबाट मुक्त हुनुहुन्न थियो भन्नु हुन्छ ?

अध्याय सातबाट आठौं तर्फ लाग्दा हामी सन्त पावलले येशूखिष्टको सहायताले स्वतन्त्रता तर्फ जाँदै व्यवस्थाको अधिनमा रहँदाको अनुभवहरुका बारेमा बोल्न छोड्नुभएको देखिन्छ । उहाँ नयाँ अनुभवको बर्णन गर्नुहुन्नछ । श्लोक १ र २ मा उहाँ भन्नु हुन्छ, 'यसकारण अब खिष्ट येसुमा भएकाहरुलाइ दण्डको आज्ञा छैन । पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले खिष्ट येशूमा मुक्त पारेको छ ।'

'पाप र मृत्युको व्यवस्थाबाट' मुक्त हुनु भनेको 'अरु व्यवस्था' बाट मुक्त हुनु हो । यसमा अब बिबाद छैन । सन्त पावलले आफुलाई रोमीहरुको चर्चमा व्याख्या गरको पापमय जीवनबाट मुक्त हुनुहुन्छ ।

त्यसैले उहाँले सातौ अध्यायमा व्यवस्थाको अधिनमा रहँदाको अनुभव दिनु भएको छ । उहाँ व्यवस्थालाई प्रेम गर्नु हुन्थ्यो र त्यसैमा उत्साह थियो । उहाँसँग त्यस व्यवस्थाको बिरुद्ध खडा हुने शक्ति थिएन । उहाँ आफ्नो मस्तिष्कको व्यवस्था केही कुरा गर्नु हुन्छ, जसको प्रयोगले उहाँ र म्रो काम गर्न चाहनुहुन्थ्यो र त्यही मस्तिष्कको व्यवस्थाले उहाँ अरु व्यवस्थालाई प्रेम गर्नुहुन्थ्यो तर उहाँ जब रमाइलो गर्न चाहनु हुन्थ्यो, पाप उहाँको मस्तिष्कमा हुन्थ्यो र त्यसले राम्रो माथि विजय प्राप्त गर्थ्यो र उहाँ पापको शिकार हुनुहुन्थ्यो

यस अध्यायमा सन्त पावलले अरु व्यवस्था प्रभुको शुसमाचार भन्दा कमजोर व्यवस्था रहेको कुरा देखाउनु भएको छ किनकी अरु व्यवस्थाले पापलाई घृणा गर्न सक्थ्यो तर पापबाट मुक्त गर्न सक्दैन थियो । तर अर्को अध्यायको तेस्रो श्लोक पढौं, 'पाप-स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरुपमा पाप बलिझै पठाउनुभयो । यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो ।' (हिब्रु ७:१९), मा 'किनकी व्यवस्थाले कही कुरा सिद्ध तुल्याएन) र त्यसभन्दा अझ उत्तम आशा दिइएको छ, जसद्धारा हामी परमेश्वरको नजिक पुग्छौं ।'

# पाप गर्नु हुन्छ ?

सन्त पावलले माथि उल्लेख गरेका तथ्यहरु पहिलेका हुन् । यसको प्रमाण (१ तिमोथी, १: १५) मा पाइन्छ-'यो बचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरुलाई उद्धार गर्न येशु ख्रिष्ट संसारमा आउनुभयो, र पापीहरुमा म सबैभन्दा मुख्य हुँ ।' यहाँ सन्त पावल आफैलाई पापीहरुको मुखिया/प्रमुख भन्नुहुन्छ र यो रोमीहरुको सातौ अध्यायसँग मिल्दो छ

***ब्रदर एफ:*** ठिकै छ, ब्रदर लाइट, म स्वीकारर्छु तपाईले मैले भन्दा बढी ग्रन्थहरुको उदाहरण ल्याएर मैले सोचे भन्दा भिन्न सन्देश दिनुभयो । मलाई धेरै कुरा थाहा भयो । तर, सन्त पावलले कता-कता भन्नुभएको छ, यहाँ केही राम्रो, 'केही धार्मिक' छैन, होइन र ?

***ब्रदर एल:*** हो, रोमीहरुको तेस्रो अध्यायमा, नबौदेखि अठारौं श्लोकमा हामीले थाहा पाए भन्दा अध्यारो दृष्य प्रस्तुत गर्नुहुन्छ । म तपाईको निम्ति पढ्छु, 'उसो भए के हामी यहुदीहरु झै असल छौं त ? अथवा छैनौ, किनकी सबै मानिस, यहुदी र अन्य जातिहरु दुबै पापको बसमा छन् भनि मैले दोष लगाइसकेको छु । जसो लेखिएको छ, धार्मिक कोही पनि छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन । ती सबै बरालिएका छन् तिनीहरु एक साथ, बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एकजना पनि छैन । तिनीहरुका धोक्रा खुला चिहान छन् । तिनीहरु आफ्ना जिब्राले छलका कुरा गर्छन् । सर्पको बिष तिनीहरुका ओठमा छ । तिनीहरुका मुख सराप तिता कुराले भरिएका छन् । 'तिनीहरुका खुट्टा रक्तपात गर्नलाई छिटा छन् । बिनाश र दुर्दशा तिनीहरुको बाटोमा छन्, र शान्तिको बाटो तिनीहरुले चिनेका छैनन् । तिनीहरुका आँखा सामने परमेश्वरको भय छैन ।'

***ब्रदर एफ:*** ठिक छ ! ठिक छ ! ब्रदर लाइट, यो एकदम नराम्रो हो । त्यसो भए यी भनाइहरुलाई तपाई कसरी व्याख्या गर्नुहुन्छ यदि मानिस साँच्चै पापमुक्त हुन सक्छ भने ?

***ब्रदर एल :*** यो एकदम सजिलो छ । तपाई श्लोक १० पढ्नुस् त, उहाँ भन्नुहुन्छ, 'जसो लेखिएको छ, धर्मि कोही छैन, एक जना पनि छैन ।' यो कतै देखिएको छ र सन्त पावल यसलाई पुरानो करारबाट उदृत गर्नुहुन्छ । यसलाई बुझ्न यो कहाँबाट उदृत गरिएको हो त्यसलाई हेरों न त । उहाँ यसो भन्नुहुन्छ, म पढ्छु ।

'हे परमप्रभु, मेरा शत्रुहरुका कारणले गर्दा तपाईको धार्मिकतामा मलाई डोऱ्याउनोस् । तपाईको मार्ग मेरो सामुन्ने सोझो पारिदिनुस् । तिनीहरुको मुखमा सत्यता छैन, अनि तिनीहरुको हृदय दुष्टताले भरिएको छ । तिनीहरुको धोक्रा खुला चिहान हुन्, अनि आफ्नो जिब्रोले तिनीहरु छलको कुरा बोल्छन् । हे परमेश्वर, तिनीहरुलाई दोषी ठहराउनुहोस् । आफ्नै जाल तिनीहरुको पतनको कारण होस् । तिनीहरुका अनेक अपराधको कारण तिनीहरुलाई त्यागिदिनोस् । किनकी तिनीहरुले तपाईको बिरुद्धमा बिद्रोह गरेका छन् । तर तपाईमा शरण लिनेहरुचाहिँ र माऊन् । र तिनीहरु सधै हर्षले गाऊँन् । तपाईले नै तिनीहरुको रक्षा गर्नुहोस् र तपाईको नाउँलाई प्रेम गर्नेहरु तपाईमा आनन्दित होउन । किनकी हे परमप्रभु, तपाईले धर्मीहरुलाई आशिष दिनुहुन्छ । ढालले रक्षा गरेझै आफ्नो कृपा-दृष्टिले तिनीहरुलाई घेरिराख्नु हुन्छ ।' (भजनसंग्रह ५:८-१२)

म भजनसंग्रह (१४:१ अ)पनि पढ्छु, 'मुर्खले आफ्नो मनमा भन्छ, ईश्वर छदैछैनन् । तिनीहरु भ्रष्ट भएका छन् । तिनीहरु एक आपसमा निच काम गर्छन् । यस्तो कोही छैन जसले असल गर्दछ । परमप्रभुले स्वर्गबाट मानिसका सन्तानलाई हेर्नुहुन्छ, यो जान्नलाई कि समभ्फदार हुने र परमेश्वरलाई खोज्ने कोही छ ? तिनीहरु सबै कुबाटो तिर लागेका छन् । तिनीहरु सबै एकसाथ भ्रष्ट भएका छन् । कसैले असल गर्दैन । असल गर्ने एक जना पनि छैन । के दृष्ट काम गर्ने एक जना पनि छैन । के दुष्ट काम गर्नेहरुले कहिल्यै सिक्ने छैनन् ? रोटी खाएभ्फै तिनीहरुले मेरा मानिसहरुलाई भक्षण गर्छन् अनि परमप्रभुलाई पुकार्दैनन् ।'

यी भजनसंग्रहहरुमा रोमीहरुलाई तेस्रो अध्यायमा जस्तै कुरा गर्नुहुन्छ र यो त्यस्ता व्यक्तिहरुमा लागु हुन्छ जो आफ्नो भित्री हृदयबाट यस संसारमा प्रभु छैन भन्छन् । तर दुबै ठाउँमा हामी त्यहाँ एउटा अर्को पक्ष देख्छौ. जो, 'प्रभुमा विश्वास गर्छन्' 'प्रभुलाई प्रेम गर्छन्' र तिनीहरुलाई 'धर्मी' र 'मेरा मानिस' भनेर सम्बोधन गरिएको छ ।

त्यसैले तपाई यो स्पष्ट देख्न सक्नुहुन्छ, जब 'यस्तो कोही छैन जसले असल गर्छन्' 'कोही धर्मी' छैन र 'परमेश्वरलाई खोज्ने कोही छैन ।'मानिएको छ यहाँ एक अधर्मीहरुको समुहलाई सम्बोधन गरिएको पाइन्छ । तर साथै धर्मीहरुको एक समुह छ भन्ने पनि स्पष्ट हुन्छ

***ब्रदर एफः*** हो, ब्रदर लाईट, मैले यो कहिल्यै बुभ्फ्न सकेको रहेनछु । मैले राम्रो पाठ सिके. । जब पुरानो करारको कुनै श्लोकलाई नयाँ करारमा ल्याइन्छ, त्यसलाई राम्ररी बुभ्फ्न पुरानो करारलाई पनि पढ्नु पर्ने रहेछ ।

त्यो भए येशुख्रिष्टका यी शब्दहरुलाई के गर्ने ? 'यहाँ कोही असल छैन प्रभु मात्र हुनुहन्छ ।' के यसले हामी सबै कुनै न कुनै अर्धम गर्छौ र कोही आफ्नो जीवनभर असल रहन सक्दैन भन्ने संकेत गर्दैन ?

***ब्रदर एलः*** जब हामी ग्रन्थहरुलाई नयाँ र पुरानो करारसँग जोडेर हेर्छौं, त्यो बुभ्फ्न सजिलो हुन्छ म पढ्छु, सुन्नुहोस्:

'उहाँ कहा आएर एक जनाले भने, हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ ? उहाँले तिनलाई भन्नुभयो, असल के हो त्यस बिषयमा तिमी मलाई किन सोध्दछौ ? असल त एउटै मात्र हुनुहुन्छ । तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरु पलन गर । तिनले उहाँलाई भने, कुन-कुन चाहिँ ? येशुले भन्नुभयो, तिमीले हत्या नगर्नु, तिमीले व्यविचार नगर्नु, तिमीले चोरी नगर्नु, तिमीले भ्फुठो गवाही नदिनु । आफ्ना आमा-बाबुको आदर गनु, र आफ्ना छिमेकीलाई आफु भ्फै प्रेम गर्नु, ती जवान मानिसले उहाँलाई भने, यी सब त मैले पालन गरेकै छु । अब ममा के कमी छ ? येशुले तिनलाई भन्नुभयो, तिमी सिद्ध हुन चाहन्छौ भने गएर तिमी सित भएका सबै बेचेर दरिद्रहरुलाई देऊ र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ । अनि आएर मेरो पछि लाग । जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले । किनकी तिनको धेरै धनसम्पती थियो ।' (मति १९:१६-२२)

हेर्नुस्, ती जवान आफुलाई आफैले राम्रो बनाउन चाहन्थे । त्यसैले तिनले येशुख्रिष्टलाई, मलाई मुक्ति दिलाउनु भनेनन् । तर के के गरेर मुक्ति पाउन सकिन्छ र अनन्त जीवन पाउन सकिन्छ भन्ने कुरा जान्न चाहे । येशुख्रिष्टले तीनलाई तिमीहरु गलत मान्यतामा छौ र यसरी मुक्ति पाउन सकिन्न भन्ने क्रममा यहाँ केही असल छैन, आफु पनि आफुभित्र, असल छन् त मात्र परमेश्वर भनेका छन् । जे असल कुरा प्रभुका सन्ततिमा छन् ती सबै प्रभुबाट आएको हो कि, कि प्रभु सबै असल गुणको खानी हुनुहुन्छ । यो सत्य हो यहाँ कोही असल छैन, असल केवल परमेश्वर हुनुहुन्छ । त्यसैले धर्मिहरुले पनि आफ्नो हृदयबाट प्रभुलाई निकाल्ने हो भने, तिनीहरुमा केही असल रहदैन । तर परमेश्वरले भन्नु भएको छ, म तिमीहरुमा बास गर्नेछु । र तिनीहरुका बीचमा हिलडुल गर्नेछु, र म तिनीहरुका परमेश्वर हुनेछु, अनि तिनीहरु मेरा प्रजा हुनेछन् ।' (२ कोरन्थी६:१६)

# पाप गर्नु हुन्छ ?

हो, 'यदि हामीले एउटाले अर्कालाई प्रेम गऱ्यौ भने परमेश्वर हामीमा रहनुहुन्छ । र उहाँको प्रेम हामीमा सिद्ध भएको हुन्छ । उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको छ, र यसैकारणले हामी यो जान्दछौ कि हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ ।' (१ युहन्ना ४:१२, १३) । सन्त पावलले र एफिसी ३:१७ र १९ मा भन्नुहुन्छ, 'विश्वासद्धारा खिष्ट तिमीहरुका हृदयमा बास गरुन् । ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरु भरिपुर्ण भै हामी असलयुक्त हुन सक्छौं । (रोमीहरु १५:१४) जब खिष्टले ती युवकलाई तिमी आज्ञाहरुको पालना गर भन्नुभयो र ती युवकले आफुले उक्त आज्ञाहरुको पालना बाल्यकालदेखि नै गरेको बताए र भने 'अब ममा के कमी छ ?' यशखिष्टले भन्नभयो, 'तिमी सिद्ध हन चाहन्छौ भने, गएर तिमी सित भएका सबै बेचेर दरिद्रहरुलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्ने छौ । अनि आएर म पछि लाग ।'

हेर्नुस्, ब्रदर फगी, येशुखिष्टले उक्त जवानलाई असल हुने बाटो देखाउनुभयो । यो गरेको खण्डमा उनी जीवनमा प्रवेश गर्न सक्छन् । जब उहाँले मानिस आफै, आफ्नै कार्यले असल हुन सक्दैन भन्ने पाठ पढाइ रहनु भएको थियो । त्यसबेला उहाँ भन्नुहुन्छ, 'यहाँ कोही असल छैन केवल प्रभु हुनुहुन्छ ।' तर जब मानिसले आफुलाई बिर्सन्छ त्यस बखत उहाँ भन्नुहुन्छ, प्रभुको कृपाले तिमीहरु महान् बन्न सक्छौ र हामी सबैलाई थाहा छ महानता असल भन्दा ठुलो हो ।

धेरैजसो नयाँ करारमा मानवलाई असल भनिएको छ । योसेफको बारेमा भनिएको छ, 'योसेफ नाउँ भएका एकजना असल र धार्मिक मानिस थिए' ।(लुका२३:५०)

बारनाबासको बारेमा भनिएको छ, 'तिनी असल, पवित्रआत्मा र विश्वासले भरिपुर्ण भएका मानिस थिए ।'(प्रेरित ११:२४) । येशु लुका ६:४५ मा भन्नुहुन्छ, 'असल मानिसले आफ्नो हृदयको असल भण्डारबाट असलै थोक निकाल्दछ, र दुष्ट मानिसले भण्डारबाट दुष्ट थोक नै निकाल्दछ । किनकी जुन कुराले हृदय भरिएको हुन्छ, मानिसको मुखबाट पनि त्यही निस्कन्छ ।' र सन्त पावलले तीतसहरुलाई लेख्नु भएको छ, बिशप चाहिँ, 'अतिथि सत्कार गर्ने, भलाई प्रेमी, आफुलाई बसमा राख्ने, इमान्दार, पवित्र र संयमी हुनुपर्दछ ।' (तितस १:८)

यी अनुच्छेदहरुबाट खिष्ट र उनका प्रेरितले भनेजस्तै सबै मानिस आफैमा असल हुन्छन् भन्न पर्याप्त छन् । यी मानिसहरु प्रभुका सुसमाचार र अगमवाणी अनि प्रभु र पवित्र आत्मामा आस्था राखेकाले आफ्नो हृदयसम्म ग्रहण गरेर असल भएका हुन् नकि आफ्नो व्यक्तिगत गुणले

***ब्रदर एफ:*** मैले देखिरहेको छु, यदि हामी प्रभुको महिमाले कोही पनि असल हुन सक्दैनौ भनेर पढाउछौं भने त्यो येशुखिष्टले ती जवानलाई तिमी महान र असल बन्न सक्छौ भन्ने उपदेश र अरु नयाँ करारका थुप्रै अनुच्छेदको विपरित हुनेछ । त्यसैले मलाई लाग्छ तपाईको व्याख्या सही छ । यो विरोधाभाषपुर्ण देखिदैन । एकातिर येशुखिष्ट ती जवानलाई भन्नुहुन्छ, 'यहाँ कोही पनि असल छैन, केवल प्रभुमात्र हुनुहुन्छ ।' र अर्कातिर फेरी भन्नुहुन्छ कि मानव असल छन् ।

***ब्रदर एल :*** सबै अनुच्छेदहरुलाई ध्यान दिएर पढ्ने हो भने, यो विरोधाभाषपुर्ण छैन । पहिले उदाहरणमा ती मुक्तिदाताले सदाचार फैलाउन प्रेरित गर्नुहुन्छ र दोस्रोमा प्रभुको कृपा, जसले हाम्रो हृदयमा रहेको दृष्ट भावनाहरु हटाइ सदाचार भावना बिजारोपण गर्नुहुन्छ ।

***ब्रदर एफ:*** ठिक छ, ब्रदर लाइट, यी सबै सामान्य जस्तो लाग्छ र म हार्षित छु कि यी ग्रन्थहरु हामीले बुझ्दा एकदम सरल छन् । तर मलाई लाग्छ मैले कतै प्रभुमात्र पवित्र हुनुहुन्छ भन्ने पढेको छु । के तपाईलाई त्यो भनेको के हो भन्ने थाहा छ ?

***ब्रदर एल:*** यो प्रकाश १५:४ मा उल्लेख भएको छ , 'हे परमप्रभु परमेश्वर, तपाईको डर कसले मान्दैन ? र तपाईका नाऊँको महिमा कसले गर्दैन ? किनकी तपाई मात्र पवित्र हुनुहुन्छ ।' यो अन्तिम हरफमा स्पष्ट छ । प्रभुमात्र पवित्र हुनुहुन्छ। हामी, 'उहाँका पवित्रताको सहभागी हौं ।' ( हिब्रु १२:१०) जसले हामीलाई पनि पवित्र बनाउँछ । त्यसैले उहाँ भन्नुहुन्छ, 'तिमीहरु पवित्र होओ, किन भने म पवित्र छु ।' (१पत्रुस १:१६)

***ब्रदर एफ:*** हो, त्यस्तै होला, नत्र यो नयाँ र पुरानो करारको धेरै जसो अनुच्छेदहरु सँग बाँझनु पुग्छ । तर, मलाई चासो छ, तपाई अब यी अनुच्छेदहरुलाई कसरी व्याख्या गर्नुहुन्छ :'यदि कुनै व्यक्तिले म पाप नगरी बस्छु भन्छ भने ऊ झुठो हो । र उसमा सत्यता छैन ।'

***ब्रदर एल:*** माफ गर्नुस्, यदि म यो उद्धरण सुनेर हाँसे भने ? तर के तपाई मलाई भन्नसक्नु हुन्छ यो उद्धारण कहाँबाट लिइएको हो ?

***ब्रदर एफ:*** यो कहाँबाट लिइएको हो भन्ने मैले ठ्याक्कै सम्झन सकिन ।

***ब्रदर एल:*** के तपाई यो बाइबल मै छ भनेर विश्वस्त हुनुहुन्छ ?

***ब्रदर एफ:*** हो, यो बाइबल मै छ । मैले मेरो बाइबलमा धेरै पटक पढेको छु । बास्तबमा, म वयश्क छँदा देखि नै यी शब्दहरुसँग परिचित छु । र गत आइतबार पनि हाम्रो धर्म प्रचारकले आफ्नो प्रवचनमा उक्त हरफ उद्धरण गर्नु भएको थियो । र तपाईलाई थाहा छ उहाँ महान ज्ञाता हुनुहुन्छ । मलाई स्मरण भयो, हाम्रो बुढापाकाहरु पनि यी शब्द बारम्बार दोहोऱ्याउनु हुन्छ । र मैले पनि उक्त शब्दहरु विश्वस्त भइ उदृत गर्न सक्छु । त्यसैले मलाई थाहा छ, यो सहि हो ।

***ब्रदर एल:*** हो, ब्रदर फगी, मैले पनि यी शब्दहरु धेरै पटक उदृत भएको पाएको छु र मलाई पनि लाग्थ्यो यो वाइवलमै छ । तर मैले थाहा पाए कि यो ठुलो गल्ती रहेछ ।

***ब्रदर एफ:*** के भन्नुभयो, ब्रदर लाइट के तपाई यी शब्दहरु बास्तबमा छैनन् भन्न खोजिरहनु भएको छ ?

***ब्रदर एल:*** हो, मैले त्यही भन्न खोजेको हुँ, ब्रदर फगी ।

***ब्रदर एफः*** ठिकै छ, मसँग अहिले बाइबल पल्टाउने समय छैन, तर म यो खोजेर तपाईलाई देखाउँछु। अहिले म घर जान्छु र हाम्रो धर्म प्रचारकलाई पनि भेट्छु। उहाँसँग ठुलो पुस्ताकलय छ, र मलाई विश्वास छ यो छिट्टै भेटिन्छ।

***ब्रदर एलः*** ठिकै छ, ब्रदर फगी। तपाई जानुअघि तपाईका शब्दहरु टिप्न दिनुस्। मलाई लाग्छ तपाईले यस्तै भन्नु भएको थियो, 'यदि कुनै व्यक्तिले म पाप नगरी बस्छु भन्छ भने ऊ झुठो हो, र उसमा सत्यता छैन।'

***ब्रदर एफः*** हो, मलाई त्यस्तै लाग्छ। तर एकछिन पर्खनोस्। मलाई सोच्न दिनुहोस्। मलाई पनि यसरी नै उदृत गरिएको जस्तो लाग्छ, 'यदि कुनै व्यक्तिले म पाप नगरी बस्छु भन्छ भने ऊ झुठो हो, यसमा सत्यता छैन।'

***ब्रदर एलः*** ठिक छ, म यसलाई लेखिराख्छु, र म भन्छु, तपाई यी शब्दहरु कुनै पनि बाइबलमा पाउनु हुन्न। तपाई सन्तुष्ट होउन्जेल खोज्नुहोस् र म केही दिनपछि आएर तपाईलाई भेट्छु।

***ब्रदर एफ*** ठिक छ, हुन्छ। विदा चाहन्छु।

***ब्रदर एलः*** प्रभुले तपाईको कल्याण गरुन्, ब्रदर फगी। ज्ञानको लागि प्रभुको प्रार्थना गर्न नभुल्नु होला। शुभ दिन।

# दोस्रो वार्तालाप

***ब्रदर एल:*** शुभ प्रभात, ब्रदर फगी । के छ खबर ?

***ब्रदर एफ:*** ठिकै छ, सधै जस्तै हो । तपाईको के छ ?

***ब्रदर एल:*** प्रभु धन्य हुनुहुन्छ । म भन्न सक्छु कि प्रभुको कृपाले आजसम्म ठिकै छु ।  यहाँ तपाई ती शब्दहरु खोज्न कति सफल हुनुभयो भन्ने कुरा जान्न आएको हुँ ।

***ब्रदर एफ:*** म स्वीकार्छु मैले भनेका ती शब्दहरु कति भेटिन । तर यो उद्धरण पढ्नुस् त, 'यदि हामीमापाप छैन भनि हामी भन्छौं भने त हामीले आफैलाई धोका दिन्छौं । र हामीमा सत्यता हुदैन ।'(१ युँहन्ना १:८)

***ब्रदर एल:*** यो उद्धरण र तपाईको पहिलाका शब्दहरु फरक छन् । ध्यान दिएर हेर्नुस् त युहन्नाले कतै पनि, 'यदि कुनै व्यक्तिले म पाप नगरी बस्छु भन्छ भने, ऊ झुठो हो, र उसमा सत्यता छैन ' भनेका छैनन् ।

यो पत्रको एक महत्वपूर्ण कुरा यसरी भनिएको छ, 'ताकी हामीहरुसँग तिमीहरुको सङ्गति होस् । हाम्रो सङ्गति पिता र उहाँका पुत्र येशूख्रिष्टसँग छ ।' (१ युहन्ना १:३)'हामी यी कुरा यस हेतुले लेखिरहेका छौं, कि हाम्रो आनन्दपुर्ण होस् ।'(श्लोक ४) 'मेरा साना बालकहरु तिमीहरु पाप नगर भनि म यी कुरा तिमीहरुलाई लेखिरहेछु । (१युहन्ना २:१) हामी यो देख्न सक्छौं कि सन्तले हामीलाई जीवनको पुर्णताको आनन्द दिन प्रेरित गर्नुहुन्छ ताकि हाम्रो सङ्गति प्रभुसँग होस् र यो कृपाको मुख्य उद्देश्य, 'प्रभुको पवित्र मार्ग र सम्मानलाई बुझ्न सकौं ।' र 'पाप नगरौं' हो । अवश्य पनि हाम्रो कृपालु प्रेरितलले एउटै पत्रमा एकातिर जवानहरुलाई पाप नगर र अर्का तिर कोही पनि पाबाट मुक्त हुन सक्दैन लेख्नु हुन्न थियो होला । उहाँ भन्नुहुन्छ, 'तर उहाँ ज्योतिमा हुनुभएझै यदि हामी पनि ज्योतिमा हिँड्यौं भने, एक अर्कासित हाम्रो सङ्गति हुन्छ र उहाँका पुत्र येशुको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।' (१युहन्ना १:७)। उहाँ श्लोक ९ मा फेरी भन्नुहुन्छ, 'यदि हामीले आफ्ना पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रो पाप क्षमा गर्नुहुन्छ ।'

अर्थ स्पष्ट छ । सातौंबाट नवौं श्लोकसम्म सकारात्मक तरिकाले हामीलाई सिकाउनु हुन्छ कि येशुख्रिष्टको रगतले हामीलाई 'सबै पापबाट शुद्ध पार्छ । र यदि हामीले हाम्रा पापहरु स्वीकार गर्यौ भने 'सबै पापहरु क्षमा गर्नुहुन्छ ।' तर यी श्लोकहरु हामीमा 'पाप छैन' भन्नबाट रोक्छन् । दशौं श्लोकले कसैले कहिले पाप गरेको छैन भन्ने भनाईलाई खण्डन गर्छ । हामीले यस्तो ठान्यौं भने प्रभु झुठा ठहरिन्छन किनकी प्रभुका शब्दहरुले घोषणा गरेको छ । 'सबैले पाप गरेको छ ।'

***ब्रदर एफ:*** वास्तबमा ! म यो सोच्न बाध्य छु कि युहन्नाले आठौं श्लोकमा कोही पनि पापबाट मुक्त हुन सक्दैन भन्न खोज्नु भएको होइन किनकी त्यो भन्दा अघिल्लो र पछिल्लो श्लोकहरुमा उहाँले भन्नु भएको छ कि येशुख्रिष्टको रगतले हामीलाई पापबाट मुक्त गर्नहुनेछ ।

***ब्रदर एलः*** तपाईको निष्कर्ष ठीक लाग्यो । त्यो पत्र अझ अगाडी पढौ न । दोस्रो अध्ययायको छैठौं श्लोकमा उहाँ भन्नुहुन्छ, 'उहाँमा रहन्छु भन्ने व्यक्त आफै पनि उहाँको चाल अनुसार चल्नुपर्छ ।'

तेस्रो अध्यायको दोस्रो र तेस्रो श्लोकमा उहाँ भन्नुहुन्छ, 'प्रिय हो, अहिले हामी पर मेश्वरका सन्तान हौं । र हामीले के होऔला, सो अहिलेसम्म प्रकट भएको छैन । यदि जान्दछौ कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं । किनकी उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँ माथि यो आशा राख्ने हरेक मनिसले आफुलाई पवित्र पार्छ ।'

हामी हाम्रो जीवनमा पाप नगरी बाँचन सक्दैनौ भन्ने कुराबाट टाढा सन्त हामलिाई सिकाउनु हुन्छ कि हामी येशुख्रिष्टको मार्गमा हिड्न सक्छौं र हामी उहाँ जस्तै हुन सक्छौं र उहाँ जस्तै पवित्र पनि । तर उहाँ यति भनेर रोकिन हुन्न ।

'पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरु जान्दछौं । र उहाँमा कुनै पाप छैन । उहाँमा रहने कसैले पाप गरिरहँदैन । पाप गरिरहने कसैले उहाँलाई न त देखेको छ न त चिनेको नै छ । साना बालकहरु, कुनै मानिसले तिमीहरुलाई छल्न नपाउनोस् । जसले ठीक काम गर्छ त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक हुनुहुन्छ । जसले पाप गर्छ त्यो शैतानको हो । किनकी त्यो शैतान त शुरुदेखि नै पाप गर्दै आएको छ । शैतानका कामहरु नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो । परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरि रहँदैन, किनकी उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो पर मेश्वरबाट जन्मेको हो । परमेश्व्रको सन्तान को हो र शैनानको सन्तान को हो , यसैबाट प्रष्ट हुन्छ -ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन, र त्यो व्यक्ति पनि होइन, जसले आफ्नो दाजु भाइलाई प्रेम गर्दैन' । (श्लोक ५-१०) । यी श्लोकहरु त्यो झुठा श्लेक 'यदि कुनै व्यीक्तले म पाप नगरी बस्छु भन्छ भने ऊ झुठो हो र उसमा सत्यता छैन ।' भन्ने जस्ता छैनन छन् त ब्रदर फगी ?

**ब्रदर एफः** म यी दुबै फरक छन्, भन्छु ।

***ब्रदर एलः*** मैले कडा शब्द प्रयोग गरें तर प्रभुकै शब्दमा भन्नु पर्दा, त्यो झुठो हो । उहाँमा रहने व्यक्ति सदाचारी हुन्छ, उ परमेश्वरमा, जो हाम्रो पाप हरण गर्न पृथ्वीमा आउनुभएको हो, रहन्छ र उहाँमा कुनै पाप छैन । उहाँ भन्नुहुन्छ, 'येशुख्रिष्टमा रहने व्यक्तिले पाप गर्न सक्दैन ।' र पाप गरिरहने कसैले उहाँलाई न त देखेको छ न चिनेको नै छ ।' यो डरलाग्दो सत्य हो र यो देखिएको छ कि येशुख्रिष्ट आगोको ज्वालाको रुपमा प्रभुको मार्गमा नहिड्नेहरुसँग प्रतिसोध लिन आउनुहुनेछ । यो सबै पाप गर्नेहरुमा लागु हुन्छ ।

यसै क्रममा हामीलाई भनिएको छ, 'यसैबाट प्रष्ट हुन्छ कि परमेश्व्रको सन्तान को हो र दियावलसको सन्तान को हो ?'- यसको अभिप्राय, पहिलोले पाप गर्दैन र दोस्रोले पाप गर्छ र सन्तले कुनै गल्ती गरेका छैनन् भन्ने कुरामा विश्वस्त छन् । किनकी उहाँ पाँचौं अध्यायको श्लोक १८ मा जोडदार तरिकाले भन्नुहुन्छ, 'परमेश्वरबाट उत्पन्न भएको कसैले पनि पाप गरि रहँदैन ।' फेरी ४:१७ मा भन्नुहुन्छ, 'न्यायको दिनको निम्ती हामी पुर्ण भरोसाका साथ बस्न सकौं भनेर प्रभु येशुमा यसैमा हामीमा सिद्ध हुन्छ । किनकी उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसार मा त्यस्तै छौं ।' त्यसैले जबसम्म येशुख्रिष्ट जस्तै प्रेमी, पवित्र र पाप रहित अवस्थामा रहन्नौं, हामीमा न्यायको दिनको निम्ति उभिने साहस रहँदैन ।

***ब्रदर एफः*** यो डरलाग्दो छ । मैले यसरी बाइबल कहिल्यै बुझेको थिइन । तर मैले बाइबलका कति अनुच्छेदहरु पढ्दा, यो संसारमा पाप नगरी कोही बस्न सक्दैन भन्ने कुराहरु सिकाइए जस्तो लाग्छ ।

***ब्रदर एलः*** ठिकै छ, ती अनुच्छेदहरु पनि पढौं न त ।

***ब्रदर एफः*** यहाँ एउटा छ, 'कसले भन्न सक्छ, मैले आफ्नो हद्धय शुद्ध राखेको छु, म सफा र पापरहित छु ?' (हितोउपदेश २०:९)

***ब्रदर एलः*** हो कुनै पनि व्यक्ति आफ्नो हृदय आफैले सफा राख्न सक्दैन, किनकी परमेश्वरको रगतले मात्र हाम्रो हृदय सफा पार्न सक्छ। मात्र येशुख्रिष्टले हाम्रो हृदय सफा राख्न सक्नु हुन्छ

***ब्रदर फगीः*** अर्को, (१ राजाहरु ८:४६) मा यस्तो देखिएको छ, 'किनकी, पाप नगर्ने मानिस कोही पनि छैन ।' अनि यहाँ अर्को पनि छ, 'संसारमा यस्तो कुनै धर्मी मानिस छैन, जसले सबैका ठीक गर्छ र कहिल्यै पाप गर्दैन ।' (उपदेशक ७:२०)
तपाई यी अनुच्छेदहरुका बारेमा के भन्न चाहनुहुन्छ ?

***ब्रदर एलः*** बास्तबमा यी धारणाहरुलाई गलत बुझिएको छ । यी अनुच्छेदहरु संसार पापको दलदलमा फस्दै गएको र दिन प्रतिदिन पतित हुँदै गइरहेको अवस्था प्रति लक्षित छन् । यी अनुच्छेदहरुले मानव पतित हुँदै गइरहेको र आफ्नो जीवनमा धेरै थोरै पाप गरेको कुरा उल्लेख गरेका छन् । यी अनुच्छेदहरुले मानवको पतीत अवस्थाको बारेमा मात्र कुरा गरेका छन् तर प्रभुको कृपाले धर्मि र प्रभुको मार्गमा रहेका मानिसलाई येशुख्रिष्टका रगतले उद्धार गर्नेकुरा उल्लेख भएको छैन । योदेखि बाहेकको व्याख्या बाइबलको अभिप्राय विपरित हुनेछ ।

तर, यी अनुच्छेदहरुको सम्पूर्ण फाइदा तपाईहरुलाई दिनु मानौ कि सुलेमानको समयमा त्यहाँ पाप नगर्ने कोही मानिस थिएन, 'पृथ्वीमा कोहि पनि इमान्दार मानिस पाप र हित थिएन ।' यी सबै कुरालाई मान्दा मान्दै पनि हामी स्वतन्त्र र पाप रहित सजिलै हुनसक्छौं

***ब्रदर एफः*** यो कसरी भन्न सक्नु हुन्छ ?

***ब्रदर एलः*** हेर्नुस् ब्रदर, हामीले बाइबल पल्टाएर पढ्नु पर्छ, प्रभुले मानव जातिका लागि सोलोमनको समयदेखि के, के गर्दै आउनु भएको छ । हामी अहिले बस्ने समय सोलोमनको समय भन्दा धेरै फरक छ । सोलोमनको समयदेखि नै बेला बेलामा स्वर्गदुतहरु पृथ्वीमा आइ घोषणा गर्थे, 'पृथ्वीमा शान्ति होस, मानव प्रति सदाचारी होऊ ।' र जानकारी गराउँथे 'सबै व्यक्तिको लागि यो खुसियालीको चरम बिन्दु हो किनकी पृथ्वीमा हाम्रो मुक्तिदाता, येशुख्रिष्ट जन्मिनु भएको छ ।'

ख्रिष्ट भन्नुहुन्छ, 'म संसारमा ज्योति भएर आएको छु, ताकि म माथि विश्वास गर्ने अन्धकारमा नरहोस् ।' (युहन्ना१२:४६)'म संसारको ज्योति हुँ मलाई पच्छ्याउने अन्धकारमा हिलडुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउने छ ।'(युहन्ना ८:१२) उहाँ, 'हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो ।'(युहन्ना १:९) । के अब हामी पापको खाडलमा पर्नबाट आफुलाई जोगाउन सक्दैनौ र ? किनकी संसारमा ज्योति आइसक्नु भएको छ ।

***ब्रदर फगीः*** मलाई पनि त्यस्तै लाग्छ ।

***ब्रदर एल:*** हामी पक्कै पनि सक्छौं । पुरानो करारदेखि नयाँसम्म हामीलाई अनुमति छ कि हामी यो समयलाई प्रभुको कृपा, दया, धर्मको स्वतन्त्रता र पापमाथि बिजय प्राप्त गर्न खर्चिऔं । र हामी ती पुराना जमानामा प्रभुसंगै हिड्ने मानिस जस्तै हुनुपर्छ । पापको निम्ति क्रुसमा आफ्नो जीवन योगदान दिनुभएको छ । तर अहिले, 'येशुखिष्ट हाम्रो अगुवाले हाम्रो लागि बलिदान दिइ सक्नुभएको छ, ' र 'खिष्टको रगतले त झन् कति बढी मात्रामा तिमीहरुका विवेकलाई मरेका कामहरुबाट शुद्ध पार्नेछ, ताकि तिमीहरु जीवित परमेश्वरको सेवा गर्न सक ।' (हिब्रु ९:१४) "किनकी व्यवस्थाले केही कुरा सिद्ध तुल्याएन र त्यसभन्दा अझ उत्तम आशा दिइएको छ जसद्धारा हामी परमेश्वरको नजिक पुग्छौं (हिब्रू ७:१९)

हिब्रुबाटै केही अरु अनुच्छेदहरु पनि पढौं, 'यसैले येशुलाई उत्तम करारको जमानत बनाउँदछ ।'(७:२२) । 'तर यसै पनि खिष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नु भएको करार पुरानो भन्दा उत्तम छ । किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरुमा बसालिएको छ ।'(८:६) 'तर यस युगको अन्त्यमा आफ्नै बलिद्धारा पाप हटाउनलाई उहाँ सधैको निम्ति एकै पल्ट प्रकट हुनु भएको छ ।' (९:२६) 'तिनीहरु (सोलोमनका समयका पाप नगर्ने मानिस) सबैले आफ्नो विश्वासको निम्ति ठुलो प्रशंसा पाए, तर प्रतिज्ञा गरिएका कुरा चाहिँ पाएनन् । परमेश्वरले हाम्रो लाीग अझ असल योजना राख्नुभएको थियो, ताकि हामीसँग मात्रै तिनीहरु सिद्ध तुल्याऊन् ।'(११:३९,४०)

यी सबै ग्रन्थहरुले, प्रभुले हामीलाई सोलोमनको समय भन्दा राम्रो चिजहरु दिनुभएको कुरा पुष्ट हुन्छ, ताकि हामी पवित्र र धार्मिक जीवन जिउन सकौं । पछिल्लो समय मानव प्रति प्रभुको कृपा र प्रेम बढेको देखिन्छ, हो 'किनकी सबै मानिसहरुका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ ।'(तितस २:११)

हामी आज जुन आत्माको मुक्ति पाउँछौ, त्यो अगमवक्ताहरुले पनि पाएका थिएनन् । र यसको खोजि पुरा गर्न सकेनन्, र 'स्वर्गदुतहरु पनि यी कुरा हेर्न अति उत्सुक छन् ।'(१पत्रुस १:८-१२) । येशुखिष्ट घोषणा गर्नुहुन्छ ब्पतिस्मा दिने युहन्ना ती अगमवक्ताहरु भन्दा महान थिए किनकी तिनले प्रभुको ज्योति पाएको थिए । 'ता पनि जो परमेश्वरको राज्यमा सानो भन्दा सानो छ, त्यो तिनी भन्दा अझ महान् हुन्छ ।'(लुका ७:२८)

यी सबै ग्रन्थहरुले हामी स्वर्गद्धारा आर्शिवाद प्राप्त युगमा वाँचिरहेका छौं र यो सहि युग हो जहाँ हामी परमेश्वरको प्रेम र शक्तिका कारण मुक्ति पाउन सक्छौं भन्ने कुरा पठाइएको पाइन्छ । प्रभुको प्रेम र शक्तिका कारणले हामी आफलाई शुद्ध र पवित्र राखि शैतानको पाप शक्ति माथि विजय प्राप्त गर्न सक्छौं । पापीको लागि कुनै क्षमा छैन त्यसैले परमेश्वर भन्नुहुन्छ, 'म नआएको भए र तिनीहरुलाई नबताएको भए तिनीहरु पापको दोषी हुने थिएनन्, तर अब त आफ्ना पापको निम्ति तिनीहरुसँग केही बहाना छैन । '(युहन्ना १५:२२) । यो अनुच्छेदले क्षमाको लागि कुने स्थान दिदैन । मुक्तिको सबै भन्दा उच्चतम उपाय हामीलाई सिकाइएको छ । त्यसैले हामी पुरानो करारको कुनै बहाना बनाएर आफुलाई ढाक्न सक्दैनौं । येशुखिष्टले, 'प्रभुको शरणामा आउनेहरुलाई संरक्षण दिनुहुन्छ ।' र हामीलाई 'प्रभुको शक्तिले पापबाट टाढा रहन विश्वास दिलाउनु हुन्छ । त्यसैले अब पाप ढाक्न कुनै बहाना छैन, कुनै पनि व्यक्तिको लागि थोरै पनि । 'तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो । '(रोमी ५:२०)

येशुले जल-कुण्डमा निको भएको मानिसलाई भन्नुभयो, ‘फेरि पाप नगर र तिमीमाथि अझ बढी खराबी आइ नपरोस् (युहन्ना ५:१४) ।’ एक स्त्रीलाई माफी दिंदै भन्नु भयो, ‘म पनि तिमीलाई दण्ड दिन्न । जाऊ, अनि फेरि पाप नगर । (युहन्ना ८:११)स्वर्गको यो अनुरोध सुन, ‘होसमा होऔ, अब उप्रान्त पाप नगर । किनकी कतिलाई त परमेश्वरको ज्ञानै छैन । तिमीहरुलाई लज्जित तुल्याउनलाई मैले यो भनेको हुँ । (१कोरन्थी १५:३४) येशुखिष्ट भन्नु हुन्छ धार्मिक जनहरुले कुनै पश्चताप गर्नु पर्दैन । यदि तपाईले किन भनेर सोध्नु हुन्छ भने भजनकर्ताहरुले भन्नेछन्, ‘तिनीहरुले कुनै अधर्म गर्दैनन् उहाँका मार्गमा तिनीहरु हिड्दछन् ।
(भजनसंग्रह ११९:३)

त्यसैले ब्रदर फगी, येशुखिष्ट यस संसारमा भएका पापीहरुलाई भेला पार्न आउनुभएको थिएन, तर हामीहरुलाई अधर्मबाट मुक्त गर्न पवित्र बनाउन, दोषरहित बनाउन र हामीहरुलाई यस पापी संसारबाट जोगाउन आउनु भएको थियो ।

**ब्रदर एफः** हो, ब्रदर लाइट, म स्वीकार्छु कि जुन चीज आज म देखिरहेको छु त्यो पहिले कहिल्यै देखेको थिइन । म स्वीकार्छु कि मेरो थकित आत्मा सदाचार तिर लम्किरहेको छ । तर मलाई लाग्दैन कि यस पापी संसारबाट मानिसको पुर्ण मुक्ति सम्भव छ । के तपाईलाई लाग्छ कि यस्तो पापले भरिएको संसारमा हामी पूर्णरुपले पाप रहित हुन सक्छौं ?

**ब्रदर एलः** हो, यदि खिष्टलाई वेवास्ता गरेर हामी शैतानको पछि लाग्यौ भने हाम्रो खुट्टा अवश्य लर्वराउने छ । तर धन्य प्रभु, पुर्ण मुक्तिले हामीलाई येशुसम्म पुऱ्याउँछ जो हाम्रो आस्थाको केन्द्र हुनसक्छ । (१ पत्रुस १:५) मा भन्नुहुन्छ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिका निम्ति हामीहरु विश्वासद्धारा परमेश्वरको शक्तिद्धारा सुरक्षित राखिएका छौं । त्यसैले हामीहरुले पाप गर्नुको कुनै आवश्यकता छैन । परमेश्वरमा भएको शक्ति हामीलाई पापबाट मुक्त राख्न काफी छ, ‘पापीहरुले हामीलाई छुन सक्दैनन् किनकी परमेश्वरको दृढ जग खडा छ ।
(२ तिमोथी २:१९)‘अब, जसले तिमीहरुलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरुलाई आनन्दसहित उहाँकै महिमाको सामुन्ने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ ।(यहुदा२४) अव हामी शैतानका सामुन्ने पनि निडर भएर उभिन सक्छौं, प्रभुको बचनलाई अंगाल्दै उहाँको बाटोमा हिड्न सक्छौं ।

परमेश्वर हामी भित्र हुनुहुन्छ, उहाँको मन्दिरलाई अपवित्र हुनबाट बचाउन उहाँले हामीलाई झकझकाइरहनु हुन्छ । सन्दर्भको लागि (२ कोरन्थी ६:१६ हेर्न सक्नुहुन्छ ।

हामीलाई जस्तो सुकै बिषम परिस्थितिमा पनि पुर्ण शन्तिका साथ सदाका लागि र ाख्न सकिन्छ किनभने प्रभु भन्नुहुन्छ ‘जसले मलाई विश्वास गर्छ, त्यसलाई म पुर्ण शान्ति दिन्छु । ’ यदि हाम्रो सोच प्रभुतिर छ भने पवित्र आत्मा वा हृदय हुनु पनि स्वभाविक रहन्छ ।’ समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशुमा रक्षा गर्नेछ ।(फिलिप्पी४:७) हामीमा प्रभुको शान्ति छ जसले हाम्रो हृदयलाई सुरक्षित राखिएको छ ।

**ब्रदर एफः** के कुनै पनि चीजले तपाईको हृदयलाई क्रोधित पार्दैन ?

***ब्रदर एलः*** प्रभुको कृपा होस्, प्रिय भाइ ! जब हाम्रो हृदय खिष्टको रगतले पूर्णरुपमा पखालिन्छ र पापयुक्त बस्तुहरु बाहिर निकालिन्छन् हामी सफा र पवित्र हुन्छौं । प्रभुलाई प्रेम र प्रशंसा गर्नु,

साथीभाइलाई प्रेम गर्नु पवित्र हृदयमा हुन्छन् र यसको विपरित कुनै पनि चिज हाम्रो हृदयमा रहन सक्दैन ।

***ब्रदर एफः*** हो ! हो !, त्यो सबैभन्दा आनन्दमय क्षण हुन्छ । तर के तपाईका दुषित विचारहरु छैनन् ?

***ब्रदर एलः*** हामी दुषित र घृणित कुराहरु सोच्छौं किनकी यस्ता बिकारहरु हाम्रो मस्तिष्कमा हुन्छन् । तर, यो दुषित र घृणित कुरा हो भनि सोच्नु र त्यस्ता बिकारहरुमा फस्नु दुइ फरक कुरा हुन् । सफा हृदयले सबै दुषित कुरालाई टाढा राख्न सक्छ । तर दुषित हृदयले हामीलाई अपवित्र मार्गमा डोऱ्याउँछ र विभिन्न इच्छा र व्यभिचार पैदा गर्छ । प्रभु धन्य हुनुहुन्छ, हामीसँग दुषित सोच छैन, तर हामीसँग 'खिष्टको मन छ ।'(१ कोरिन्थी २:१६) जुन 'पवित्र मन' हो, 'पर मेश्वरका ज्ञानको विरुद्ध खडा हुने बहसहरु र हरेक अहङ्कारपुर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक बिचारलाई खिष्टको आज्ञापालन गर्नलाई बशमा पार्छौं । '(२कोरन्थी १०:५) । हेर्नुस्, प्रभुले हाम्रो सारा इच्छालाई बसमा गर्नुहुन्छ । हाम्रो मनलाई र सबै बहसहरुलाई खिष्टको आज्ञा पालन गर्न बसमा पार्नुहुन्छ । प्रभु धन्य हुनुहुन्छ । प्रभु गुणगान गाऔं ।

***ब्रदर एफः*** ठिक छ, यो बास्तबमै महान छ । मैले पहिला कहिले पनि यस्तो अनुच्छेद पढेको थिइन । तर, के बाइबलले शैतान शक्तिमान छ भन्दैन र ? मलई थाहा छैन हामी कमजोर प्राणी त्यो महान शक्तिको सामना कसरी गर्ने ?

***ब्रदर एलः*** किन ? हामीले त्यो महान शक्तिको सामना गर्न हामीमा रहनु भएका खिष्टले गर्नुहुन्छ । वहाँ जुन हाम्रो हृद्धयमा हुनुहुन्छ , संसारमा हुने वाला भन्दा महान हुनुहुन्छ । उहाँले शैतानलाई सधै पैताला मुनी राखी मानवलाई विजय गराउनुहुन्छ । हामी, 'वहाँ हामी भित्र रहनु भएकोले अझ महान विजेता हौं । चार सत्यहरु सबै पाप र शैतानको शक्ति बिरुद्ध शक्तिमान छन् । पहिलो, परमेश्वर पवित्र हुनुहुन्छ, जसले उहाँ सबै पापको विरुद्ध उभ्याइएको छ । दोस्रो, परमेश्वर सर्वव्यापी हुनुहुन्छ जसले सबै पाप र शैतानको शक्तिमाथि राज्य गर्नुहुन्छ । तेस्रो, पर मेश्वर सधै हामी भित्रै हुनुहुन्छ, जसले कुनै पनि आत्माको शत्रुलाई हामीलाई आक्रमण गर्न दिदैन । चौथो, परमेश्वरको पुर्ण बलिदान, उहाँको रगतको शक्ति जसले हाम्रो सबै प्रकारको पाप पखाल्न मद्धत गर्नुहुन्छ ।

***ब्रदर एफः*** ठिक छ, ब्रदर लाइट, मेरो मन परमेश्वरको शर्वव्यापकता तर्फ गएकोले म स्वीकार्छु कि बाइबलले हामीलाई धार्मिक र पवित्र हुने पाठ पढाउँछ र यो परमेश्वरको कृपाले सम्भव छ । प्रभु धन्य हुनुहुन्छ । मैले धेरै ज्योती पाएँ र प्रभुको कृपाले म पुर्ण मुक्तिको बाटो रोज्छु र सबै पाप त्याग गर्छु ।

***ब्रदर एलः*** अमिन ! प्रभुले तपाईलाई मद्धत गरुन्, भाइ, यो नै बास्तबमा आनन्दमय जीवन हो । विदा माग्छु, भाइ ।

***ब्रदर एफः*** अहिलेलाई छुटौं, ब्रदर लाइट । पछि फेरि बोलाउनुस् । 🕮